**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले सुशासन तथा समयबद्ध कार्यान्वयन पहल –प्रगतिको ४८ औँ बैठकको अध्यक्षता गर्नुहुदै खनन , रेलमार्ग र जलसंशाधनको क्षेत्रमा प्रमुख परियोजनाहरूको समीक्षा गर्नुभएको छ ।**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले मन्त्रिमण्डलको निर्णयको प्रशंसा गर्नुहुदै आफ्नो सरकार देशभरिका कृषकहरुको हितका लागि पूर्ण रुपमा प्रतिबद्ध रहेको बताउनु भएको छ ।**

- **रक्षामन्त्री राजनाथ सिंह आज चीनको छिङदाओमा हुने सांघाई सहयोग संगठनका रक्षामन्त्रीहरूको बैठकमा भाग लिनुहुनेछ।**

- **केन्द्रीय माध्यमिक शिक्षा बोर्ड-सी.बी.एस.ई.ले अर्को वर्षदेखि कक्षा १० को बोर्ड परीक्षा वर्षमा दुई पटक हुनेछ घोषणा गरेको छ ।**

- **आज अंतर्राष्ट्रीय मादक पदार्थ एव अवैध तस्करी रोधी दिवस हो ।**

- **मौसम विभागले आगामी सात दिनमा देशको उत्तरपश्चिम, मध्य, पूर्वी र उत्तरपूर्वी भागहरूमा भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ।**

**प्रधानमंत्री नरेन्द्र मोदी - सुशासन -प्रगति**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज सुशासन तथा समयबद्ध कार्यान्वयन पहल –प्रगतिको ४८ औँ बैठकको अध्यक्षता गर्नुहुदै खनन , रेलमार्ग र जलसंशाधनको क्षेत्रमा प्रमुख परियोजनाहरूको समीक्षा गर्नुभएको छ । यी परियोजनाहरू आर्थिक विकास र सार्वजनिक हितको दृष्टिकोणले महत्त्वपूर्ण छन्। बैठकमा परियोजना सम्पन्न गर्ने समयावधि, अन्तर एजेन्सी समन्वय र विभिन्न मुद्दाहरु को को समाधानका विषयमा चर्चा भएको थियो । श्री मोदीले भन्नुभयो, "परियोजना पूरा गर्न ढिलाइ हुँदा वित्तीय लागत बढ्छ र नागरिकहरूलाई आवश्यक सेवा र सुबिधाहरू समयमै वितरण गर्न बाधा पुऱ्याउँदछ। प्रधान मन्त्री आयुष्मान भारत स्वास्थ्य अवरचना मिशनको समीक्षा गर्नुहुदै श्री मोदीले सबै राज्यहरूलाई स्वास्थ्य सम्बन्धि बुनियादी ढाचाहरुलाई तिब्र रुपमा बिकसित गर्ने आग्रह गर्नुभयो । उहाँले आकांक्षी जिल्लाहरुमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । प्रधानमन्त्री श्री मोदीले गरिब र बन्चितवर्गका लागि गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता माथी जोड दिनुभयो । उहाँले अझ भन्नुभयो - पीएम-आयुष्मान भारत स्वास्थ्य पूर्वाधार मिशनले राज्यहरूलाई उनीहरूको स्वास्थ्य सुविधाहरू सुदृढ गर्ने अवसर दिन्छ। प्रधानमन्त्रीले रक्षा क्षेत्रमा आत्मनिर्भरता बढाउने प्रयासको पनि समीक्षा गर्नुभयो । उहाँले स्वदेशी क्षमताद्वारा संचालित अपरेशन सिन्दूरको सफलतालाई रक्षा क्षेत्रमा देशको बढ्दो आत्मनिर्भरताको उदाहरणको रूपमा उल्लेख गर्नुभयो ।

**सरकार -परियोजना -प्रस्ताव पारित**

**सरकारले तीन हजार ६ सय २६ करोड रुपियाँको लागतमा पुणे मेट्रो रेल परियोजना चरण-२ को विस्तारको लागि निर्णय गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय मन्त्रिमण्डलले गरेको निर्णयबारे**

**पत्रकारहरुलाई जानकारी दिनुहुदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले १३ वटा स्टेसन सहितको नयाँ मेट्रो लाइनको रूपमा १२.७५ किलोमिटर को अतिरिक्त लम्बाइ थपिने बताउनु भएको छ। उहाँले अझ भन्नुभयो - पुणे मेट्रो रेल परियोजनाले आईटी हबहरू, व्यावसायिक क्षेत्रहरू, शैक्षिक संस्थाहरू र आवासीय पकेटहरूलाई सेवा पुर्याउनेछ। श्री वैष्णवले सार्वजनिक परिवहन र यात्रीहरूको हिस्सा बढाउनेछ। संशोधित गुरुयोजना कार्यान्वयनसँगै झरिया कोलफिल्डमा आगलागी, भूक्षय र प्रभावित परिवारको पुनर्स्थापना सम्बन्धी समस्या समाधान हुने केन्द्रीय मंत्री श्री वैष्णवले बताउनु भएको छ । उहाँले संशोधित योजना कार्यान्वयनका लागि कुल वित्तीय खर्च पाँच हजार ९४० करोड रुपियाँ रहेको बताउनु भएको छ। श्री वैष्णवले उत्तर प्रदेशको आग्रामा अन्तर्राष्ट्रिय आलु केन्द्र दक्षिण एशिया क्षेत्रीय केन्द्र स्थापना गर्ने प्रस्ताव लाई सरकारले स्वीकृत दिन साथै उहाँले अन्तरिक्ष अभियान एक्जिओम–४ मिसनको सफल प्रक्षेपणका लागि प्रस्ताव पारित भएको जानकारी दिनुभएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा बसेको केन्द्रीय मन्त्रिमण्डलको बैठकले आपतकाल घोषणा भएको ५० वर्ष पूरा भएको अवसरमा प्रस्ताव पारित गरेको उहाँले बताउनु भयो ।**

**1-Byte -अश्विनी वैष्णव**

**केन्द्र सरकार- इलेक्ट्रोनिक म्यानुफ्याक्चरिङ क्लस्टर-**

केन्द्र सरकारले उत्तर प्रदेशको गौतम बुद्ध नगरमा ४१७ करोड रुपियाँ लागतमा इलेक्ट्रोनिक म्यानुफ्याक्चरिङ क्लस्टर-EMC-२.० स्थापना गर्नेछ। यो क्लस्टर दुई सय एकडभन्दा अधिक जमिनमा फैलिनेछ। यसले दुई हजार पाँच सय करोड रुपियाँको निवेश आकर्षित गर्ने अपेक्षा गरिएको छ। परियोजनाको समीक्षा केन्द्रीय सूचना एव प्रसारण मन्त्री अश्विनी वैष्णव र राज्यमन्त्री जितिन प्रसादले गर्नुभएको थियो।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले मन्त्रिमण्डलको निर्णयको प्रशंसा गर्नुहुदै आफ्नो सरकार देशभरिका कृषकहरुको हितका लागि पूर्ण रुपमा प्रतिबद्ध रहेको बताउनु भएको छ । प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ -, 'सरकारले आगरामा अन्तर्राष्ट्रिय आलु केन्द्रको दक्षिण एसिया क्षेत्रीय केन्द्र स्थापना गर्न स्वीकृति दिएको छ। यसबाट आलु उत्पादनसँग जोडिएका कृषकहरुलाई निकै फाइदा पुग्ने उहाँको भनाइ रहेको छ। पुणे मेट्रो रेल परियोजना चरण-२ को विस्तारको बारेमा श्री मोदीले भने, "पुणेले सबै क्षेत्रहरूमा तीव्र विकासको साथ देशको अर्थव्यवस्थामा महत्त्वपूर्ण योगदान पुर्याइरहेको छ। उहाँले भन्नुभयो , "मेट्रो सेवाको विस्तारले यातायातलाई मात्र बढावा दिने छैन तर जनताको जीवनलाई पनि सहज बनाउनेछ।

**रक्षामन्त्री - सांघाई सहयोग**

रक्षामन्त्री राजनाथ सिंह आज चीनको छिङदाओमा हुने सांघाई सहयोग संगठनका रक्षामन्त्रीहरूको बैठकमा भाग लिनुहुनेछ। श्री सिंह हिज साँझ चीन पुग्नुभएको छ। यस बैठकमा रक्षामन्त्रीले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा, आतंकवाद विरुद्ध लड्ने प्रयास र सहयोग लगायत धैरै मुद्दहरुमा चर्चा गर्ने संभावना रहेको छ। रक्षामन्त्रीले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि भारतको दृष्टिकोणलाई उजागर गर्नुका साथै आतङ्कवाद र उग्रवाद उन्मूलनका लागि संयुक्त प्रयासका लागि आह्वान गर्नुहुनेछ। उक्त बैठकको क्रममा रक्षामन्त्री ले चीन र रसिया लगायत अन्य देशका रक्षामन्त्रीहरुसँग द्विपक्षीय बैठक गर्नुहुनेछ।

**अपरेशन सिन्धु -नागरिक फिर्ता**

अपरेशन सिन्धु अन्तर्गत इरानबाट ३१५४ भारतीय नागरिकहरुलाई फिर्ता ल्याइएको छ। २९६ भारतीय र ४ नेपाली नागरिक बोकेको विमान हिज साँझ इरानको मशहदबाट नयाँ दिल्ली आइपुगेको छ। यसबाहेक अपरेशन सिन्धु अन्तर्गत इजरायलबाट हालसम्म आठ सय १८ जना भारतीय नागरिक स्वदेश फर्किएका छन्। केन्द्रीय श्रम, रोजगार तथा एमएसएमई

राज्यमन्त्री शोभा करन्दलाजेले इजरायलबाट भारत फर्केका २२४ जना भारतीय नागरिकहरुलाई भारतीय वायु सेनाको विमानबाट स्वागत गर्नुभयो ।

**केन्द्रीय गृहमन्त्री-किताब बिमोचन**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा आपतकाल डायरी– जिसने एक नेता को जन्म दिया नामक पुस्तकको विमोचन गर्नु भयो ।यस पुस्तकमा तत्कालीन आरएसएस प्रचारक प्रधानमन्त्री नरेन्द्र मोदीले आपतकाल विरुद्धको लडाइँमा निर्वाह गर्नुभएको भूमिकाबारे चर्चा गरिएको छ। पुस्तकमा श्री मोदीले लोकतन्त्रको आदर्शका लागि लडेको जीवन्त चित्र प्रस्तुत गरिएको छ। संकटकालको ५० औं वार्षिकोत्सवको अवसरमा आयोजित 'संविधान हत्या दिवस २०२५' मा श्री शाहले उक्त पुस्तकको विमोचन गर्नुभएको हो । कार्यक्रम अवधि केंद्रीय गृहमंत्रीले लोकतंत्र जिंदाबाद यात्रालाई हरियो झंडी दिखाउनु भयो I यस अवसरमा केंद्रीय गृहमंत्री श्री शाहले संवैधानिक मूल्य मान्यता, लोकतान्त्रिक अधिकार र आपतकालबाट सिकेका पाठको बारेमा जनचेतना फैलाउने उद्देश्यले यो यात्रा देशभरि हुने बताउनु भयो I

**केन्द्रीय माध्यमिक शिक्षा बोर्ड**

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड-सीबीएसईले अर्को वर्षदेखि कक्षा १० को बोर्ड परीक्षा वर्षमा दुई पटक हुनेछ घोषणा गरेको छ I शिक्षामन्त्री धर्मेन्द्र प्रधानले यसको प्रशंसा गर्नुहुदै यसले विद्यार्थीहरूमा परीक्षाको दबाब कम गर्ने र उनीहरूलाई पढ्नको लागि प्रोत्साहनजनक परिवेश सिर्जना गर्ने बताउनु भएको छ I श्री प्रधानले यो राष्ट्रिय शिक्षा नीति-२०२० को मुख्य सिफारिस भएको बताउनु भएको छ।

**ग्रामीण विकास मंत्रालय एवं कौशल विकास तथा उद्यमशीलता मंत्रालय -सम्झौता**

ग्रामीण विकास मन्त्रालय र कौशल विकास तथा उद्यमशीलता मन्त्रालयले हिज संरचित कौशल , उद्यमशीलता विकास र बजार-सरेखित अजिविका हस्तक्षेप मार्फत महिला स्वयं सहायता समूहलाई सशक्तिकरण गर्न सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। यस सम्झौताको उदेश्य अनुरूपित, बाजार-उन्मुख प्रशिक्षण और उद्यमिता सहायता को माध्यमबाट ग्रामीण अजिविकालाई सुदृढ बनाउनु रहेको छ।

भारत - वियतनाम रणनीतिक संवाद

भारत र भियतनामबीच तेह्रौं राजनीतिक परामर्श तथा १०औं रणनीतिक संवाद हिज नयाँ दिल्लीमा सम्पन्न भएको छ। सम्मेलनको सहअध्यक्षतामा विदेश मन्त्रालयका पूर्वी मामिला सचिव पी कुमारन र भियतनामका उपविदेशमन्त्री गुयेन मान क्वाङले संयुक्त रुपमा भाग लिनुभयो ।

**अन्तर्राष्ट्रिय लागुपदार्थ दुर्व्यवसन एवं अवैध तस्करी दिवस**

आज अंतर्राष्ट्रीय मादक पदार्थ एव अवैध तस्करी रोधी दिवस हो। मादक पदार्थ मुक्त अंतर्राष्ट्रीय समाज को लक्ष्य प्राप्त गर्न को लागी कार्रवाई र सहयोगलाई मजबुत बनाउन यो दिवस मनाइँदै आएको छ। भारतमा यसको उत्सवको एक भागको रूपमा, नयाँ दिल्लीको डा अम्बेडकर अन्तर्राष्ट्रिय केन्द्रमा एक केन्द्रीय कार्यक्रम आयोजना गरिनेछ जसमा केन्द्रीय सामाजिक न्याय एवं सशक्तिकरण राज्य मन्त्री, बीएल वर्मा, मुख्य अतिथिको रूपमा उपस्थित रहनुहुनेछ I प्रधान मन्त्री नरेन्द्र मोदीले 12 जूनदेखि आजसम्म "नशा मुक्त भारत पखवाडा" मनाउनको लागि नार्कोटिक्स कन्ट्रोल ब्यूरो (एन.सी.बी) को प्रशंसा गर्नुभएको छ।

**मौसम**

मौसम विभागले आगामी सात दिनमा देशको उत्तरपश्चिम, मध्य, पूर्वी र उत्तरपूर्वी भागहरूमा भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ। विभागले गुजरात क्षेत्र र ओडिशाका विभिन्न भागहरूमा मुसलधारे वर्षाको संभवाना व्यक्त गरेको छ।